प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**विज्ञापन आचारसंहिताको पालना गरौं**
- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुऱ्याऔं।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा प्रयोग नगरौं।
- संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं।
- महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रुपमा प्रस्तुत नगरौं।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढवा दिने विज्ञापन नगरौं।
- कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



# हरेक निर्वाचनमा झापाका उम्मेदवारले हात्ती समस्या मुद्दा मात्र बनाए

द्रोण अधिकारी,

भद्रपुर । विगतका निर्वाचनमा उम्मेदवारहरुले ढाटेपछि मंसीर ४ को निर्वाचनमा झापाका मतदाताहरुले हात्ती समस्यालाई मुख्य मुद्धा बनाएका छन् ।

हात्ती समस्या झापा क्षेत्र नम्वर १, २ र ३ का बासिन्दाका लागि मूल समस्याको रूपमा देखिएको हो ।

केही वर्षयता हात्ती- मानव द्वन्द्व तीव्र हुँदै गएर यी क्षेत्रका अधिकांश बस्तीमा हात्ती उपद्रो त्यहाँका बासिन्दाको नियतिभैं बनेको छ । बारम्बार आश्वासनमात्र पाउँदै आएका मतदाताले निर्वाचनका बेला समस्या हल होला कि भनेर मुख्य मुद्दाको रूपमा हात्ती समस्या उठान गर्न थालेका हुन् ।निर्वाचनका लागि जनमत बटुल्न गाउँ-गाउँ पुगेका उम्मेदवारसित मतदाताले हात्ती समस्या कसरी हल गर्ने ? भन्दै धारणा समेत मागिरहेका छन् ।

पूर्वी काँकडभिट्टाबाट उत्तरी नाका नकलबन्दा र त्यस मास्तिरका बाहुनडाँगी, आलडाँगी, भोर्लेनीलगायत झापा क्षेत्र नम्बर १ मा पर्ने मेचीनगर नगरपालिकाको उपल्लो भेगका बासिन्दाका निम्ति जंगली हात्तीको समस्या आजीवन जस्तै बनेको छ । त्यसैगरी दक्षिणमा ज्यामिरगढी, दुवागढी, धाइजन, चन्द्रगढी पनि झापा १ को हात्ती प्रभावित क्षेत्रमा पर्दछन् ।

त्यस्तै झापा २ अन्तर्गत साविक खुदुनावारी, बुधवारे, शनिश्चरे, अर्जुनधारा, गरामनीका ग्रामीण बस्ती हात्ती प्रभावित क्षेत्र हुन् । यी क्षेत्रमा पूर्वी उत्तरी झापामा भारतीय नक्सलवारी क्षेत्रबाट प्रवेश गरेका फिरंगे हात्तीका कारण नै समस्या सिर्जना भइरहेको छ ।



यसैगरी झापा क्षेत्र नम्बर ३ मा पनि पछिल्लो १० वर्षयता वर्षैभरी हात्तीको उपद्रो भोग्नु परिरहेको बाध्यता बढ्दो रूपमा छ । यस क्षेत्रमा फिरंगे हात्तीको हुल भन्दा रैथाने हात्तीको समूह नै बढी सक्रिय देखिने गरेको छ । यसक्षेत्रमा साविकको महेशपुर, हल्दिवारी, जलथल, पृथ्वीनगर, बालुवारी, बनियानी पथरिया, घेरावारी, राजगढ बढी मात्रामा हात्तीको समस्या भोग्नु पर्ने स्थानमा पर्दछन् ।

अधिकांश कृषि क्षेत्र भएकै कारण आहाराका लागि हात्तीले अन्न बाली फलेको समयमा बढी मात्रामा आक्रमण गर्ने गरेको छ ।

गाउँ गाउँको बाटोबाट हुलका हुल हात्ती आउने गरेपछि हात्ती प्रभावित बस्तीका मानिसहरू भोक र निन्द्रा हराउँदै घरमा बस्न पाउँदैनन् । साँझ पर्नासाथ तैनाथमा रहँदा समेत हात्तीका कारण मान्छे मर्ने दुर्घटना र क्षति रोकिएको छैन । डिभिजन वन कार्यालयको विवरण अनुसार हालसम्म झापामा हात्तीबाट मारिएका ५५ जनाको आर्थिक अवस्था हेर्दा अधिकांश निमुखा तथा विपन्न समुदाय नै परेको पाइन्छ ।

बाहिरबाट आहाराकै लागि हुलमा आउने हात्तीले बालीनाली खाइदिएर तहसनहस पार्छन् । झापामा घरभित्र पसेर अन्नपात राखेको ठाउँसम्म पुगेर नष्ट पार्ने काम रैथाने हात्तीबाटै बढी हुने गरेको स्थानीयको अनुभव छ । घरमा जाँड-रक्सी बनाउने गरेको छ भने त हात्तीका निम्ति त्यो प्रिय पदार्थ हुने गरेको छ । हात्ती-प्रकोपको सामना कसरी गर्ने ? विषयमा एउटै विचार लिएर कोही पनि विज्ञ आउन सकेका छैनन् । एकथरी हात्तीसँग प्रतिशोध लिनुपर्ने ठान्छन्, अर्कोथरी सहअस्तित्वका उपाय खोज्नुपर्ने मत राख्छन् । झापामा एकिन विवरण नभए पनि २०५१-५२ सालयता हात्तीको प्रकोप तीव्र गतिमा बढ्न थालेको हो । यसको रफ्तार २०६४-६५ बाट स्थिति नियन्त्रण बाहिर जाने को कि भन्ने अवस्थामा पुगेको छ ।

हात्तीको आक्रमण बढेपछि गाउँलेहरूमा हात्तीसित वैमनस्य उत्पन्न हुँदा हात्ती देख्नासाथ पिट्ने, खेदाउने, सके मार्न खोज्ने प्रवृत्ति बढ्दो छ ।

पूर्वी उत्तरी क्षेत्रका लागि विश्व बैंकले हात्तीलाई रोक्न मेचीको सीमा क्षेत्रमा तारबार लगाउन सघायो । तारबारको सोच स्थानीयस्तरमै जन्मेको भए पनि विश्व बैंकको आर्थिक सहयोगमा राष्ट्रिय प्रकृति संरक्षण कोषले १७.१४ किमि तारबार लगाउने कार्य २०७२ सालमा पूरा गर्यो । जो मेचीनगर-६ देखि इलामको रोङ गाउँपालिकासम्म फैलिएको तारबारका पोल र तार भारतपट्टि ढल्काएर निर्माण गरिएको छ, ताकि हात्ती उताबाट

❖ बाँकी तेस्रो पृष्ठमा

**जोर माई यूवा क्लब**
झापा गाउँपालिका २, सडकबारी झापा
टाइ सिट २०७९
A
JFC आयोजक
२०७९-०७-०६ दिउँसो ०१ बजे
सयपत्री FC K.M.G.P.-4
अल इन वान FC
२०७९-०७-०८ दिउँसो ०१ बजे
द हन्टर FC
२०७९-०७-११ दिउँसो ०१ बजे
FINAL
२०७९-०७-१३ दिउँसो १२ बजे
२०७९-०७-१२ दिउँसो ०१ बजे
B
जलथल FC
२०७९-०७-०७ दिउँसो ०१ बजे
सुरुङ्गा FC
दुधे FC
२०७९-०७-०९ दिउँसो ०१ बजे
डाँगीबारी FC


INDRENI CAMPUS
Announces
Admission open for BBS
For more information contact us:
Education for:
PEACE
PROGRESS
PROSPERITY
023-544412
9852673088
9852646044
9852644412
For Hostel Facility Contact at 9852673088
www.facebook.com/nidisecondaryschool

**गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-५, झापा
**साधारणसभा सम्बन्धी सूचना** (मिति २०७९/०७/०८)
यस गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि. को १३ औं वार्षिक साधारणसभा निम्न मिति , स्थान र समयमा हुने भएकाले उपस्थितिका लागि सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं ।
साधारणसभा हुने मिति-२०७९ मंसिर १७ गते शनिवार
स्थानः पर्यटकीय स्थल जामुनखाडी
समयः बिहान ९.३० बजेदेखि
लवकुमार चौधरी
अध्यक्ष

## विश्वप्रकाशले दिए आयोगलाई स्पष्टीकरण

झापा(प्रस) । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले निर्वाचन आयोगले मागेको स्पष्टीकरणको जवाफ दिएका छन् । उनले २४ घण्टाभित्र स्पष्टीकरण दिएका हुन् । आइतवार दिउँसो २ बजेर १ मिनेटमा आफै जिल्ला निर्वाचन कार्यालय पुगेर झापा क्षेत्र नं १ का उम्मेदवार शर्माले लिखित जवाफ बुझाएको जिल्ला निर्वाचन अधिकारी तुलसी नेपालले बताए । उनले शर्माको सो जवाफ निर्वाचन आयोगलाई पठाएको जानकारी दिए । जिल्ला निर्वाचन कार्यालयले आयोगबाट प्राप्त स्पष्टीकरणको पत्र झापा क्षेत्र नं १ का उम्मेदवार शर्माका प्रतिनिधि अशोक पोखरेललाई बुझाएको थियो । शनिवार दिउँसो ३ बजेर ५ मिनेटमा उम्मेदवार शर्माका प्रतिनिधि पोखरेललाई आयोगको स्पष्टीकरणको पत्र बुझाइएको थियो । निर्वाचन आचारसंहिता उल्लंघन गरेको उजुरी परेपछि आयोगले महामन्त्री शर्मालाई २४ घण्टे स्पष्टीकरण पत्र बुझाएको थियो । महामन्त्री शर्माविरुद्ध आगलागी पीडितलाई पैसा वितरण गरेको पाइएको भन्दै उजुरी परेकाले स्पष्टीकरण सोधिएको आयोगका उपन्यायाधिवक्ता गुरुप्रसाद वाग्लेले बताए ।

## १५ लाखबढीको पटाकाजन्य वस्तु नष्ट

झापा(प्रस)। जिल्ला प्रहरी कार्यालय झापाले १५ लाखबढीको पटाकाजन्य वस्तु बरामद गरी नष्ट पारेको छ । नेपालमा प्रतिबन्धित पटाकाजन्य वस्तु भारतबाट ल्याउँदै गर्दा प्रहरीले बरामद गरेको थियो । आइतवार पत्रकारहरुको रोहवरमा १५ लाख २७ हजार ८०० रुपैयाँ मूल्य बराबरको पटाकाजन्य वस्तु नष्ट गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक विश्वमणि पोखरेलले बताए ।

झापाको विभिन्न स्थानबाट अवैध रुपमा ओसारपोसार भइरहेको विभिन्न किसिमका पटाकाजन्य वस्तु बरामद गरी नष्ट पारिएको उनले बताए । पटाकाको आयात र प्रयोगमा केही नियन्त्रण गरिएपनि निर्मूल पार्न नसकिएको उनले बताए । त्यसमा सबैको सहयोग आबश्यक भएको उनको भनाइ छ ।

**शुभ दिपावली तथा छठ पर्व**
हिन्दुहरुको महान पर्व शुभदीपावली तथा छठ पर्वको पावन अवसरमा हाम्रा समस्त शेयर सदस्य महानभावहरु तथा शुभेच्छुकहरुमा सुख, शान्ति ,समृद्धि ,सुस्वास्थ्य , दीर्घायु एवं उत्तरोतर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
संगीता राजवंशी
व्यवस्थापक
यादवकुमारी तिम्सिना
अध्यक्ष
एवं पञ्चकन्या महिला बहुउद्देश्यीय सहकारी संस्था
बिर्तामोड-३ , झापा

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

HONDA छ साथ साथ
HONDA
दशैंको शुभलाभ
बम्परमा १५ लाख
SCRATCH मा रू. ७,००,०००* सम्मको CASH BACK ON EACH PURCHASE
७ प्रदेश ▪ ७ विजेता ▪ ७ लाख नगद
७ प्रदेशलाई समावेश गरेर हरेक प्रदेशबाट १ जनाले जित्नुहुनेछ रू. १ लाख
साथै
-SURE- SHOT अधिकतम ७ वर्ष सम्मको Free Servicing
SPARE PARTS मा ७% छुट ७ वर्षसम्म
BIG BIKE मा ७0,000 सम्म* CASH BACK
HONDA EASY FINANCE LOWEST EMI/DAY I LOWEST DOWN PAYMENT I LOWEST INTEREST RATE
KAPURI
Buddha Enterprises
Bhadrapur Road, Birtamode, Jhapa
023-540452/545562/545185 M:9802600531

# एक्सेल डेभलपमेन्ट बैंक लि.

**Excel Development Bank Ltd.**

... तपाईको स्थानीय साझेदार (Your Local Partner)

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

# INTERIM FINANCIAL STATEMENTS AS ON ASHWIN 31 , 2079

**Excel Development Bank Limited**
**Condensed Statement of Financial Position**
**As on quarter ended 31st Ashwin 2079 (17 October, 2022)**

Bank
Figures in NPR

| Particulars | This Quarter Ending | Immediately Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and Cash Equivalents | 1,907,017,237.22 | 2,324,723,624.99 |
| Due from Nepal Rastra Bank | 356,352,842.40 | 125,479,167.70 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to BFIs | 268,616,297.47 | 272,625,436.36 |
| Loans and Advances to Customers | 10,076,152,166.76 | 10,233,641,192.40 |
| Investment Securities | 1,078,504,337.35 | 778,586,268.84 |
| Current Tax Assets | 27,249,781.65 | 36,539,204.78 |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investment Property | 242,802,932.18 | 193,387,921.00 |
| Property and Equipment | 126,995,120.44 | 131,508,399.19 |
| Goodwill and Intangible Assets | 3,346,784.66 | 3,629,014.36 |
| Deferred Tax Assets | 3,793,810.35 | - |
| Other Assets | 48,709,181.71 | 85,622,782.39 |
| **Total Assets** | **14,139,540,492.18** | **14,185,743,012.00** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | 483,502,290.83 | 422,547,729.03 |
| Due to Nepal Rastra Bank | 247,195,441.71 | 244,728,033.62 |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 11,627,100,868.03 | 11,750,563,820.99 |
| Borrowings | - | - |
| Current Tax Liabilities | - | - |
| Provisions | 14,286,137.34 | 16,786,137.34 |
| Deferred Tax Liabilities | - | 3,998,069.61 |
| Other Liabilities | 106,788,868.84 | 85,008,590.31 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **12,478,873,606.75** | **12,523,632,380.90** |
| Equity | | |
| Share Capital | 1,249,694,470.93 | 1,151,792,139.11 |
| Share Premium | - | 9,545,605.56 |
| Retained Earnings | 8,055,558.02 | 150,240,135.04 |
| Reserves | 402,916,856.48 | 350,532,751.39 |
| **Total Equity Attributable to Equity Holders** | **1,660,666,885.43** | **1,662,110,631.10** |
| Non Controlling Interest | | |
| **Total Equity** | **1,660,666,885.43** | **1,662,110,631.10** |
| **Total Liabilities and Equity** | **14,139,540,492.18** | **14,185,743,012.00** |
| Contingent Liabilities and Commitments | 693,315,720.21 | 788,765,863.37 |

**Excel Development Bank Limited**
**Condensed Statement of Profit or Loss**
**For the quarter ended 31 Ashwin 2079 (17 October, 2022)**

Bank
Figures in NPR

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 420,931,815.66 | 420,931,815.66 | 257,501,626.63 | 257,501,626.63 |
| Interest Expense | 265,442,205.53 | 265,442,205.53 | 144,344,835.21 | 144,344,835.21 |
| **Net Interest Income** | **155,489,610.13** | **155,489,610.13** | **113,156,791.42** | **113,156,791.42** |
| Fee and Commission Income | 15,725,691.73 | 15,725,691.73 | 24,238,901.42 | 24,238,901.42 |
| Fee and Commission Expense | 1,998,816.83 | 1,998,816.83 | 1,012,104.06 | 1,012,104.06 |
| **Net Fee and Commission Income** | **13,726,874.90** | **13,726,874.90** | **23,226,797.36** | **23,226,797.36** |
| **Net Interest, Fee and Commisson Income** | **169,216,485.03** | **169,216,485.03** | **136,383,588.78** | **136,383,588.78** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 573,354.15 | 573,354.15 | 2,247,908.93 | 2,247,908.93 |
| **Total Operating Income** | **169,789,839.18** | **169,789,839.18** | **138,631,497.71** | **138,631,497.71** |
| Impairment Charge / (Reversal) for Loans and Other Lossess | 33,731,631.05 | 33,731,631.05 | 48,371,869.69 | 48,371,869.69 |
| **Net Operating Income** | **136,058,208.13** | **136,058,208.13** | **90,259,628.02** | **90,259,628.02** |
| Personnel Expenses | 51,804,221.49 | 51,804,221.49 | 40,564,272.84 | 40,564,272.84 |
| Other Operating Expenses | 25,223,284.15 | 25,223,284.15 | 19,295,256.40 | 19,295,256.40 |
| Depreciation & Amortisation | 7,448,571.38 | 7,448,571.38 | 4,258,249.52 | 4,258,249.52 |
| **Operating Profit** | **51,582,131.11** | **51,582,131.11** | **26,141,849.26** | **26,141,849.26** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expense | 20,310,614.12 | 20,310,614.12 | - | - |
| **Profit Before Income Tax** | **31,271,516.99** | **31,271,516.99** | **26,141,849.26** | **26,141,849.26** |
| Income Tax Expense | | | | |
| Current Tax | 9,381,455.10 | 9,381,455.10 | 7,842,554.78 | 7,842,554.78 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Period** | **21,890,061.90** | **21,890,061.90** | **18,299,294.48** | **18,299,294.48** |
| **Profit Attributable to:** | | | | |
| Equity-holders of the Bank | 21,890,061.90 | 21,890,061.90 | 18,299,294.48 | 18,299,294.48 |
| Non-Controlling Interest | | | | |
| **Profit for the Period** | **21,890,061.90** | **21,890,061.90** | **18,299,294.48** | **18,299,294.48** |
| **Earnings per Share** | | | | |
| Annualized Basic Earnings per Share | | 7.01 | | 8.06 |
| Annualized Diluted Earnings per Share | | 7.01 | | 8.06 |
| **Condensed Statement of Other Comprehensive Income** | | | | |
| **Profit for the year** | **21,890,061.90** | **21,890,061.90** | **18,299,294.48** | **18,299,294.48** |
| **Other Comprehensive Income, Net of Income Tax** | **(18,181,053.24)** | **(18,181,053.24)** | **(17,190,534.31)** | **(17,190,534.31)** |
| **Total Comprehensive Income for the Period** | **3,709,008.65** | **3,709,008.65** | **1,108,760.17** | **1,108,760.17** |

**Excel Development Bank Limited**
**Ratios as per NRB Directive**

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | - | 13.33% | - | 11.27% |
| Non-Performing Loan(NPL) to Total Loan | - | 4.48% | - | 3.89% |
| Total Loan Loss Provision to Total NPL | - | 82.95% | - | 96.70% |
| Cost of Funds | - | 9.21% | - | 5.38% |
| Credit to Deposit Ratio | - | 84.24% | - | 89.46% |
| Base Rate | - | 11.96% | - | 8.05% |
| Interest Rate Spread | - | 4.34% | - | 4.97% |

**Excel Development Bank Limited**
**Statement of Distributable Profit**
**For the quarter ended 31 Ashwin 2079 (17 October, 2022)**
**(As per NRB Regulation)**

| Particulars | Figures in NPR |
|---|---|
| **Net profit or (loss) as per statement of profit or loss** | **21,890,061.90** |
| **Appropriations:** | |
| a. General reserve | (4,378,012.38) |
| b. Foreign exchange fluctuation fund | |
| c. Capital redemption reserve | |
| d. Corporate social responsibility fund | (218,900.62) |
| e. Employees' training fund | (6,180,024.58) |
| f. Other | 143,140.00 |
| **Profit or (loss) before regulatory adjustment** | **11,256,264.31** |
| **Regulatory adjustment :** | |
| Transfer to Regulatory Reserve | (59,931,360.75) |
| Transfer from Regulatory Reserve | - |
| **Distributable profit or (loss)** | **(48,675,096.44)** |

**Notes to the Interim Financial Statements**

| | |
|---|---|
| 1 | The above financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and in the format prescribed by Nepal Rastra Bank and certain Carve-outs issued by Institute of Chartered Accountants of Nepal (ICAN). |
| 2 | Previous period figure have been regrouped / rearranged/ restated wherever necessary. |
| 3 | Loans and Advances are presented net of impairment charges. |
| 4 | Personnel expenses include employment bonus provision calculated at 10 percent of profit before bonus and tax. |
| 5 | Provision for gratuity and leave have been provided for as per estimates by management and hence actuarial gain/loss has not been separately disclosed and will change as per Actuary Report. |
| 6 | Above figures are subject to change upon otherwise instructions of Statutory Auditor and/or Regulatory Authorities. |
| 7 | The detailed Interim Report has been published in the Bank's Website. |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४, नियम २६ को उपनियम (१) संग सम्बन्धित आ.व. २०७९/८० को प्रथम त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विश्लेषण**

(क) आ.व. २०७९/८० को प्रथम त्रयमासको अपरिष्कृत वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ। यस वित्तीय संस्थाको सम्बन्धित पक्षवीच कारोवार रहेको छैन ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| अनुपातहरु | | | |
|---|---|---|---|
| प्रतिशेयर आम्दानी (वार्षिक) | रु ७.०१ | पि.ई. अनुपात (वार्षिक) | रु ४४.२२ |
| प्रतिशेयर नेटवर्थ | रु १३२.८९ | तरलता अनुपात | २३.८४% |
| प्रतिशेयर कूल सम्पत्ती : | रु १,१३१.४४ | | |

**२. व्यवस्थापकीय विश्लेषण**

(क) यस बैंकले आ.व.२०७९/८० मा व्यवसायीक योजनानुसार बैंकको निक्षेप एवं कर्जा कारोबारमा यथोचित वृद्धि गर्दै लैजाने, बैंकको ग्राहक सेवा स्तरमा वृद्धि गरिने, व्यवसायीक विकासका लागी नयाँ शाखाहरु खोल्ने एवं भैरहेको शाखाहरुको स्तर वृद्धि गर्दै लैजाने नीति रहेकोमा सोही अनुसार कामहरु भईरहेका छन् ।

(ख) हाल देखिएको तरलता अभावको प्रभावका कारण निक्षेप संकलन तथा कर्जा प्रवाहमा संकुचन आएको तथा कर्जा असूलीमा समेत समस्या उत्पन्न भई बैंकको समग्र नाफा तथा वितरणयोग्य नाफामा प्रत्यक्ष प्रभाव पर्न गएको छ ।

**३. कानूनी कारवाही सम्बन्धि विवरण**

(क) यस त्रयमास अवधिमा यस संस्थाले वा यस संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको/गरिएको छैन ।

(ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा सस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. शेयर कारोबार सम्बन्धि विश्लेषण**

(क) देशको समष्टिगत शेयर बजारको कारोबारमा उतारचढाब आई यस बैंकको शेयर कारोबार पनि खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको ।

(ख) शेयर कारोबार तर्फ यस त्रैमासको कारोबार (नेपाल स्टक एक्सचेञ्ज लि. को वेव साइट अनुसार)

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु ४४२।८० | न्यूनतम मूल्य | रु २९१।२० |
| अन्तिम मूल्य | रु ३१०।०० | कुल कारोबार शेयर संख्या | १,३०१,२३५ |
| जम्मा कारोबार दिन | ६६ | | |

**५. समस्या तथा चुनौती**

(क) तरलता अभावको बढ्दो दबाबका कारण निक्षेप संकलन अपेक्षित हुन नसकिरहेको अवस्था तथा बढ्दो कोषको लागतले गर्दा बैकको मुनाफामा समेत प्रभाव पर्ने देखिन्छ ।तरलता अभाााव तथा कोषको लागत बृद्धिका कारण कर्जाको व्याज समेत बृद्धि हुने हुनाले कर्जाको माग तथा प्रवाहमा अपेक्षित बृद्धि हुन सकेको छैन ।

(ख) बैंक तथा वित्तीय संस्थाहरुको बाक्लो र बढ्दो उपस्थिती एवं एक-आपस विचको तिब्र प्रतिस्पर्धाको कारणले यस बैंकको व्यापारमा प्रभाव परेको छ ।

(ग) समय समयमा नियमक नियकायबाट जारी निर्देशनहरुको कार्यान्वयन गर्नेक्रममा बैंकको आम्दानीमा संकुचन भएको छ ।

बर्तमान असहज परिस्थतीमा समेत यस बैंकले उपयुक्त व्यवसायिक नीति लिई ग्राहकहरुको सदाझै यस बैंक प्रति रहि आएको विश्वासमा अभिवृद्धि गराई समग्र कारोवारमा संन्तोषजनक रुपमा वृद्धि गरी सुदृढ तरलताको स्थिति तथा खुद मुनाफा बृद्धि गर्न प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्दै गएको छ। बैंकले नयाँ सेवाहरुको आवश्यकतालाई महसुस गरि आधुनिक बैंकिङ्गका बिबिध प्रबिधिहरुलाई आत्मसात गर्दै आएको छ।

**६. संस्थागत सुशासन**

यस बैंक सर्वसाधारण जनताको पहुँच भित्र रहेको र बैंकले लक्षित गरेको ग्राहकहरु पनि यसै समुह भित्र भएकाले ग्राहकहरुको बैंक प्रतिको विश्वासलाई कायम राख्न एवं विश्वासमा वृद्धि गरि संस्थालाई सवल, नियमित र पारदर्शी ढंगले चाल्नु पर्ने सत्यतालाई आत्मसात गरी नियमनकारी निकाय नेपाल राष्ट्र बैंक लगायत अन्य सबै निकायहरुका निर्दीष्ट नियमहरु एवं अन्य प्रचलीत नियम कानुनको परिधी भित्र रही यस बैंकको कारोबार स्वच्छ रुपमा संचालन भई आएको छ। साथै बैंकले सुशासन कायम राख्दै संचालन जोखीमहरु कम गरी कारोबारलाई व्यवस्थीत गर्न विभिन्न आन्तरीक नीति नियम तथा निर्देशिकाहरुको तर्जूमा गरी लागु गरीएको, आन्तरिक लेखा परीक्षण समितिको बैठक र आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराई समिति तथा लेखापरिक्षकवाट प्राप्त सुझावहरु कार्यान्वयन तथा समिक्षा गर्ने गरिएको तथा तदानुसार आवश्यक सुधारका कार्यहरु गर्ने गरिएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जानेबुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### घृणित राजनीति

राजनीति भनेको देशको सेवा गर्ने सबैभन्दा उत्तम माध्यम हो। राजनीतिका माध्यमबाट सत्तामा पुग्न र देशलाई सही बाटोमा डोऱ्याउन सकिन्छ। विकास र निर्माणका काम गर्न सकिन्छ। सामाजिक न्याय स्थापना गर्न सकिन्छ। राज्यका स्रोत र साधनको सही सदुपयोग गरी राष्ट्रहित, जनहितमा लगाउन सकिन्छ। जनताको जीवनस्तर उकास्न सकिन्छ। देशको मान प्रतिष्ठा बढाउने काम गर्न सकिन्छ। के आजको राजनीति यस्तै छ त ? जवाफ सकारात्मक पाइँदैन। किनभने आजको दिनमा राजनीतिमा लाग्ने र सत्ताको अवसर प्राप्त गर्नेहरू सेवाभावभन्दा धेरै व्यक्तिगत स्वार्थबाट प्रेरित छन्।

जतिबेला देशमा बोल्ने स्वतन्त्रतासमेत थिएन, त्यसबेला ज्यान र जायजेथाको समेत पर्वाह नगरी मानिस प्रजातन्त्र ल्याउने राजनीतिमा लागेका थिए। जनतालाई कसरी अधिकार सम्पन्न गराउन सकिन्छ र देशको आर्थिक उन्नतिका लागि नीति निर्माण गर्ने व्यवस्था ल्याउन सकिन्छ भनेर राजनीतिमा लाग्नेहरूको स्वार्थ जनहित र राष्ट्रहितबाहेक केही थिएन भन्दा हुन्छ। त्यसरी प्रजातन्त्रका लागि मरिमेट्दा धेरैको ज्यानै गयो। जेलनेल परे। अंगभंग भए। अझ माओवादी सशस्त्र संघर्षका बेला थुप्रैजना बेपत्ता पनि भए। निहत्था नागरिकले पनि अनाहकमा ज्यान गुमाए। तिनै बलिदान, त्याग र संघर्षले आजको लोकतन्त्र प्राप्त भएको हो।

तर, जो सहिद भए, जो घाइते भए, जो बेपत्ता भए र जो जेलनेल परे, जसको सर्वस्वहरण भयो, आज उनीहरूको सपना चकनाचुर बनाउने दिशामा राजनीति अघि बढिरहेको छ। राजनीतिको सबैभन्दा विकृति यसबेला झन् बढी गाढा देखिएको छ। सबैजसो प्रमुख दलले आउँदो मंसिर ४ गते हुने प्रदेशसभा, प्रतिनिधिसभा निर्वाचनका लागि बनाएका उम्मेदवारले राजनीतिमाथि थप वितृष्णा जगाउन मद्दत गरेको छ। दलका शीर्ष नेताले उम्मेदवारको टिकट मुठी लिएर सबैभन्दा पहिला नै लोकतान्त्रिक अभ्यासलाई कुण्ठित गरे। दलका समितिहरूमा छलफल, बहस उम्मेदवारका बारेमा भएन। उम्मेदवारका लागि कुनै मापदण्ड र योग्यता तोकिएन। तल्ला समितिहरूको सिफारिस के आधारमा भयो, जनाधार के कस्तो छ, पार्टी/राजनीतिमा योगदान कति छ, सामाजिक छवि कस्तो छ ? भन्ने केही हेरिएन।

केवल शीर्ष नेतृत्वहरूले आफ्नो मुठी आफ्नै नातागोता, आफन्त, परिवारका सदस्य, आफूसँग साखिल्यहरूलाई उम्मेदवारको टिकट बाँडे। जसले धेरै पैसा दिन्छ, जोसँग दादागिरी गर्ने बाहुबली शक्ति छ, उसैको भागमा टिकट परेको छ। शीर्ष नेताहरूसँग जो जसको पहुँच पुग्यो, त्यस्तै त्यस्तैले टिकट पाएका छन्। राजनीतिमा शीर्ष नेताको वरिपरि घुमिरहने गणेश प्रवृत्ति हाबी भयो। जनताका घर आँगन टेक्ने र थर्कटी बस्नेहरूका लागि चुनावमा उम्मेदवारको टिकट आकाशको फल बन्यो। राजनीतिमा सिद्धान्त, विचार, आदर्श र निष्ठा भएन भने त्यो असल राजनीति हुँदैन।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# निष्प्राण राजनीति कहिलेसम्म ?



• भैरव रिसाल

राजनीतिले नेतालाई साथ लिएर हिँड्नु पर्थ्यो। तर, यसो हुन सकिरहेको छैन। राजनीतिले नेता छोडेको अवस्था छ। यस्तै खालको समस्यामा देश रुमलिएको छ। खासमा नेताले नेतृत्व दिनुपर्ने हो तर त्यो हुन सकेको छैन। उनीहरू आफैं रुमलिएका देखिन्छन्। ठूला नेताहरूले वक्तव्य दिनुहुन्छ, नेतृत्व दिनु हुन्न। देश विकास गर्न वक्तव्य होइन, नेतृत्व चाहिन्छ। अझ निस्वार्थ नेतृत्व आजको आवश्यकता हो। आजको नेपाली राजनीतिमा हिजो नाम चलेका व्यक्तित्व हुनुहुन्छ। आजका लागि आजकै नेता, अझ युवा नेता देशका लागि खाँचो हो।

पुराना नेताहरूको व्यक्तिगत त्याग, तपस्या र समर्पण आआफ्नो ठाउँमा छ। २०४६ सालमा प्रजातन्त्र आएपछि पनि थुप्रै शासन व्यवस्था देख्ने भोग्ने जनताले आखिर के पाए ? यो समीक्षा दल र नेताबीच हुनुपर्ने होइन ? सूक्ष्मरूपमा हेर्ने हो भने जनताले केही पनि पाएनन् भन्छु म त। पाए त केवल महंगी, अभाव, असहयोग। वास्तवमै गरिबीको रेखामुनि रहेका जनता विचल्लीमा परेका पर्यै छन्। जनताले जस्तो नेतृत्व पाउनु पर्ने थियो त्यो त पाउन सकेकै होइन। यो नेपालको राजनीतिक समस्या हो जस्तो लाग्छ।

देशमा तीन दसकभन्दा बढीको समयमा बेथितिको राजनीतिमात्र भइरहेको छ। यसलाई थितीमा कसरी लाने ? आजको चुनौती हो यो। सबै नेता परिक्षित असफल हुनुभयो। कसैले म ठिक छु भन्छ भने त्यो उसको दृष्टिमा मात्र हुनसक्छ। अन्यथा परिणाम हेर्ने हो भने मूल्यांकन गर्न कठिन छैन। झट्ट सुन्दा यो मैले लगाएको ठुलो आरोप होला। तर, उहाँहरू असफल हुनुभयो। अब सफल नेता चाहियो। सफल नेता कसरी ल्याउने ? हामीसँग प्रश्नहरू त पक्कै छन्। नेता बन्ने नेपाली नै हो अनि नेतृत्व गर्ने त नेपाली नै।

सारा नेपालीको ध्यान अब सफल, असल र त्यागी नेतृत्वमा जानु पर्छ। आफू र आफ्नालाई मात्रै नहेरी जनतालाई हेर्ने नेता चाहियो। यसको ठूलो अभाव छ। मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको यो चुनावले यस्ता नेतालाई नेतृत्वमा पुऱ्याउन सक्यो भने हुन्थ्यो। अबका निर्वाचित सांसदहरू देशका लागि होउन्, विकासका लागि होउन्। राजनीतिमा त विश्वास ठूलो कुरा हो। कस्तो अप्ठ्यारो ! यसो अनुहार हेर्दा राजनीति र राजनेतामा कोही पनि विश्वस्त छैनन्। निराशावादी कुरो गऱ्यो भन्नु होला। यथार्थ तीतो नै हुन्छ। अब चुनिने सांसदहरूले यो निराशावादी कुरो हो, हामी सफल नेतृत्व दिन सक्छौं भन्नेगरी आउनु पऱ्यो।

हिजो अस्ति त्याग तपस्या गर्ने नेता हिजो अलिकति शिथिल भए, आज त पूरै शिथिल। अब घर, परिवार, छोरा, छोरी, बुहारी, नाति-नातिना हेर्नेतिर मात्र सीमित रहे नेता। तिनले जनता हेरेनन्। यस्तो परिस्थितिमा अब जनताले कसलाई हेर्ने ? कोबाट अपेक्षा गर्ने ? आफूलाई नहेर्ने नेता भएपछि समस्या हुनु, मान्नु स्वाभाविक हो। आजको नेपाली राजनीतिको समस्या हो यो। यसरी कसरी विकास होला नेपालमा ? त्यसले यो स्थितिलाई गम्भीरतापूर्वक हेरेर खासगरी बुद्धिजीविहरू, कतै नलागेकाहरू अगाडि आउनुपर्ने हो कि ? समाजसेवीहरू अगाडि आउनु पर्ने हो कि ? यो मेरो दृष्टिकोण हो। यद्यपि राजनीति समाजसेवीबाट मात्र चल्दैन, राजनीति चलाउनलाई दूरदृष्टि चाहिन्छ। जसको अहिले अभाव छ।

मूल समस्या नै नेतृत्वको अभाव हो। हुनत स्वतन्त्रहरू पनि आउन थालेका छन्। तर पनि मलाई स्वतन्त्रहरूप्रति विश्वास छैन। जसले राजनीतिक संघर्ष गरेकै छैन। तिनै स्वतन्त्रहरूबाट मुलुकको नेतृत्व होला जस्तो मलाई लाग्दैन। अघिल्लो चुनावमा काठमाडौं-१ मा एकजना थोरै मतले हार्नु भएको थियो। उहाँको संघर्ष राजनीतिको थिएन, अरू नै थियो तर एक ढंगले परिचित। उहाँ विफल हुनुभयो। अहिले रा्प्रपातिर फालहाल्नु भो क्यार ! त्यसले गर्दा स्वतन्त्रबाट मुलुकको विकासको सम्भावना म देख्दिनँ।

अहिले भएका दलमा पनि नेता गतिला छैनन्। छलफलले मात्रै भएन। यसरी अलमलिएर तीन दसकभन्दा धेरै समय बितिसक्यो। विकास होला र जीवनशैली उच्च होला भनेर जनताले कतिञ्जेल मन थामेर बस्ने ? अब नेपाली जनताले गम्भिरतापूर्वक विचार गरेर नयाँ नेतृत्व छान्नु पऱ्यो। नेपाली आमाले नेता जन्माएका होलान्। खोज्नु पऱ्यो। अर्थात् भोट हाल्दा एकदमै विचार पुऱ्याउनु पऱ्यो। कसैको लहैलहैमा लागेर पुरानै पारा देखाउन भएन।

त्याग तपस्या गर्ने नेता अबको रोजाइ होस्। जनताका आवश्यकता र विकास बोल्ने नेता सबैको छनोटमा परुन्। खासमा सही काम हुन नसकेपछि गुनासो र प्रश्नहरू आउँछन् सायद। प्रश्नै प्रश्नको मुलुक बनेको छ नेपाल। विगतमा नेताले जनताबाट प्रश्न तेर्सिने गरी कुनै काम गर्न हुँदैनथ्यो। त्यसो भएको भए अहिले न गुनासो आउँथ्यो न प्रश्न तेर्सिन्थे। नेताप्रति जनताको विश्वास अनि भरोसा हुन्थ्यो। स्वतः आउनुपर्ने उत्तर कहिँबाट पनि आउँदैन। जोबाट पनि प्रश्न मात्रै उठ्छ। अझ प्रतिप्रश्नहरू।

यो व्यवस्थाको विकल्प छ कि छैन ? जनताको पक्षमा बोल्ने विकल्प चाहिने हो। जनता र विकासका पक्षमा हामीसँग विकल्प छ भनेर कसैले भन्दैन। विकल्प त पक्कै होलान् तर त्यसरी सोचेर अघि बढ्ने नेतृत्व अगाडि आउनु पऱ्यो। अचम्म लाग्छ, किन कुनै पनि नेता विकल्पतिर जाँदैनन् ? अझ अहिले त यति विधि आफू केन्द्रित भए नेताहरू कि आफू र आफन्तलाई मात्रै हेर्ने भए। यसैले गर्दा हो, नेतृत्वको नयाँ विकल्प खोज्नु परेको। पक्कै नेपाली आमाले जन्माएका होलान्। सूक्ष्म अध्ययन गरेर खोज्ने दायित्व नेपाली जनताको हो, मंसिर ४ मा।

यी सबै हुनुमा नेपाली राजनीतिमा किनबेच हुनु पनि हो। यो अवश्य भएको छ। त्यो ठुल्ठूला नेताहरूको भाषण सुन्यो भने नै थाहा हुन्छ। गएको चुनावमा मेरो ६ करोड खर्च भयो भन्नुहुन्थ्यो नेपाली कांग्रेसकै वरिष्ठ नेता शेखर कोइरालाले। यसरी नेताहरूले पैसाबाट राजनीति गर्न थालेपछि देश कसरी विकास हुन्छ ? जनताले कसरी र कहिले राहत पाउलान् ? उहाँले पनि त्यसो भनेपछि के गर्ने हामी ? प्रश्नै प्रश्न भयो राजनीतिमा। उत्तर कसैले दिँदैन। हो, मात्र प्रश्न उठ्छ अनि उठिरहन्छन्।

गठबन्धनले पनि प्रश्नहरू उठाएको छ। एक्लै जित्छु अनि केही गर्छु भन्ने हिम्मत हुनुपर्ने हो राजनीतिमा दलहरूलाई। गठबन्धन गरिएको छ, जुन स्वाभाविक अवतरण होला भन्ने लाग्दैन। स्वार्थले गाँसिएको प्रेमको भर हुन्न। अहिले भइराखेको सत्तावाला, सत्तासिन, सत्ता खोज्नेहरूबाट केही होला जस्तो लाग्दैन। म अलि उमेरले पाकेर, बुढो भएर पनि निराश भएँ कि ? थाहा भएन तर म चाहिँ हालको राजनीतिक वातावरणप्रति आशावादी छैन।

भनिसकें, अबको एउटै विकल्प भनेको नयाँ नेतृत्व। खोज्नु पऱ्यो। इमान्दार क्रियाशील नेता जसले आफूलाई भन्दा जनतालाई हेरोस्। विकासको हिसाबले पनि कतिपय देशहरू नेपालभन्दा पछि थिए तीन दसकको आसपासमा छलाङ मारेर नेपाललाई पछि पारिसके। नेपालमा विकास कतिको भयो ? नेताले के के गरे यो देशमा ? के अझै हामीले मूल्यांकन नगर्ने ? हो, नेपालमा विकास भएन। हुन चाहिँ भयो तर पैसा खाने विकास भयो। आफू मात्रै अगाडि जाने विकास भयो। जनतालाई लिएर जाने विकास चाहिँ भएन है। नेताले नयाँ कुरा भन्छन् तर भन्ने मात्रै। केही गर्ने होइन। यहाँ त भनेर हुँदैन गर्नु पऱ्यो।

देश चाहिँ कृषिप्रधान। कति अर्बको त धान नै आयात गर्नुपर्छ नेपालले। चामलै ल्याउनुपर्छ बाहिरबाट। गुन्द्रुकसमेत ल्याउनु पर्छ। गुन्द्रुकदेखि सिन्कासम्म ल्याएर कसरी विकास हुन्छ ? आत्मनिर्भर हुनलाई सोहीअनुसार व्यवस्थापन गर्नुपऱ्यो। कृषि र सिँचाइमा प्राथमिकता दिनुपऱ्यो त्यो पनि नयाँ प्रविधि जोडेर। अनि मात्रै आत्मनिर्भर भइन्छ। मुखले भनेर त आत्मनिर्भर हुँदैन। युवालाई परिचालन गर्नु पऱ्यो। युवा त मूल तत्त्व हो। युवा परिचालित भएन भने त मुलुकको विकास नै हुँदैन। युवा विदेश गइरहेका छन्। सबैले बुझेर पनि रोक्न नसक्नु हामी सबैको दुर्भाग्य हो। विदेश जानलाई प्रोत्साहन गर्ने काम भइरहेको छ। दुरुत्साहन गर्नुपऱ्यो। दुरुत्साहन गर्ने खालका योजना कार्यक्रम पनि हुनुपऱ्यो।

राजनीतिमा प्राण भर्न अब निर्वाचित हुने सबै नेताले कम्तिमा यी तीनवटा सूत्रमा ध्यान दिनुपर्छ। सर्वप्रथम हरहिसाबले इमान्दार हुने। दोस्रो, गर्न सक्ने कुरा मात्रै बोल्ने। तेस्रो, आफूलाई होइन, जनतालाई हेर्ने। विगतदेखि हेर्दा राजनीति बिग्रिनुको पछाडि एउटै कुरो देख्छु, राजनीति व्यक्तिगत स्वार्थमा केन्द्रित भयो। यो हुनुको कारण भनेकै नेताहरूमा आत्मविश्वासको कमी। दलहरूमा प्रशिक्षण त दिन्छन् तर जे दिनुपर्ने त्यो दिँदैनन् सायद। वा प्रशिक्षण कम भयो। त्यो लागू भयो भएन भनेर

अनुगमन र कारबाही भएन कि ? नेताहरू इमान्दार भएनन्, जसको परिणाम आज भोग्दै छौं। राजनीतिमा इमान्दारिता चुहिरहेको छ। समर्पण चुहिरहेको छ। त्यसैले भन्छु, नेताज्यूहरू सके सुध्रिनोस्, नभए छोडिदिनोस्। नयाँले गर्छन्। जनता पनि तात्न पऱ्यो। जसरी हुन्छ काम नगर्ने सबैलाई निकाल्नु पऱ्यो। हराउनु पऱ्यो, हटाउनु पऱ्यो।

# दिगो विकासमा सार्वजनिक तथा निजी क्षेत्र

• विष्णुप्रसाद खनाल

दिगो विकास आफैंमा कुनै पनि क्षेत्रको विनाश नगरी दीर्घकालीन प्रभाव रहनेगरी गरिने विकास हो, जसले वर्तमानलाई मात्र नभएर भावी पुस्तालाई पनि आवश्यकता परिपूर्तिको माध्यमका रूपमा कार्य गर्छ। दिगो विकासको मुख्य लक्ष्य भनेको पृथ्वीमा रहेको साधन र स्रोत विनाश नगरी आर्थिक र सामाजिक विकास गर्दै मानिसको कल्याणमा ध्यान दिनु हो। विकास निर्माणका कार्य सञ्चालन गर्दा वातावरण प्रतिकूल नहुने तवरले गरिएका विकासबाट दीर्घकालीन अवधिसम्म पनि सकारात्मक प्रभाव परिरहने भएको हुनाले नै दिगो विकासलाई आजको आवश्यकता ठानिएको हो तर त्यसका लागि सरकारी, निजी क्षेत्र र गैरसरकारी क्षेत्रको भूमिका उल्लेखनीय रहने गर्छ। दिगो विकासमा खासगरी पारिस्थितिक पद्धतिको संरक्षण, जनसहभागिता, सम्पदा संरक्षण, जनसंख्या व्यवस्थापन र वातावरण संरक्षण, समाजको दिगो विकास, पृथ्वीको वहन क्षमताभित्र रहने र मानवीय स्रोतको विकासजस्ता पक्षलाई समावेश गर्ने गरिन्छ।

नेपालको दिगो विकासको सन्दर्भमा खासगरी अत्यधिक जनसंख्या वृद्धि, अनियन्त्रित र अव्यवस्थित बसोबास, बढ्दो सहरीकरण, बढ्दो मरुभूमीकरण, तीव्र औद्योगिकीकरण, पूर्वाधारजन्य संरचनाको व्यापक निर्माण, बजार विस्तार, ठूलाठूला आयोजनाको निर्माण तथा सञ्चालन, आणविक शक्तिको विस्तारजस्ता समस्यालाई समाधान गर्दै सामाजिक, आर्थिक, सांस्कृतिक, मानवीय र वातावरणीय पक्षको सुधारका लागि दिगो विकासको अवधारणा आएको हो। वर्तमान १५औं योजना २०७६/२०७७–२०८० /२०८१ मा उल्लेख भएअनुसार संयुक्त राष्ट्र संघको महासभाले सन् २०१६ देखि सन् २०३० सम्म विश्वको रूपान्तरण र विकासका हरेक आयाममा कसैलाई पनि नछाड्ने प्रतिबद्धताका साथ सन् २०१५ सेप्टेम्बरमा दिगो विकास लक्ष्य घोषणा गरेको थियो। उक्त घोषणाबमोजिम दिगो विकासका १७ वटा लक्ष्य, १ सय ६९ वटा परिमाणात्मक लक्ष्य, २ सय ३२ वटा विश्वव्यापी सूचक निर्माण गरिएका छन्। दिगो विकास लक्ष्यमा विश्वका सबै राष्ट्रमा सहभागितामूलक तथा समतामूलक विकास गरी गरिबी र भोकमारी अन्त्य गर्ने सबैलाई स्वास्थ्य र शिक्षा पुऱ्याउने जस्ता विषय समेटिएका छन्। यसैगरी, लैंगिक समानता र सबैका लागि स्वच्छ पानी, सबैमा ऊर्जाको पहुँच, रोजगारी प्रवर्द्धन, आर्थिक वृद्धि, उद्योग, पूर्वाधार दिगो विकास र सहरीकरणजस्ता विषयलाई समेटिएका छन्। दिगो विकास लक्ष्यमा तीन आयाम सामाजिक, आर्थिक र पर्यावरणीय पक्षलाई ध्यान दिइएको छ। यी तीन पक्षलाई पूरा गर्ने सवालमा निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक क्षेत्रको अहम भूमिका रहने गर्छ।

नेपालले दिगो विकास लक्ष्यलाई कार्यान्वयनमा ल्याउँदै १४औं योजना (आर्थिक वर्ष २०७३/२०७४–२०७५/२०७६) देखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्ने कार्य सुरु भएको थियो। बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनालाई दिगो विकासको लक्ष्यअनुसार बजेट सांकेतीकरण गर्ने व्यवस्था गरिएको छ। दिगो विकास लक्ष्यलाई प्रादेशिक तथा स्थानीय तहमा योजनामा समावेश गरी लक्ष्य प्राप्त गर्न सहयोग पुग्ने ध्येयले प्रादेशिक तथा स्थानीय योजना तर्जुमा नमुना दिग्दर्शन तयार भएका छन्। सरकारी तवरबाट २०७४ सालमा नेपालमा दिगो विकास लक्ष्य वर्तमान अवस्था र भावी कार्ययोजना : सन् २०१६ देखि सन् २०३० प्रकाशनमा ल्याइएको थियो।

दिगो विकासलाई प्रभावकारी र व्यवस्थित बनाउन, नीतिगत, कानुनी तथा संस्थागत संरचना तयार गर्ने, विश्वसनीय र सुदृढ तथ्यांक प्रणालीको विकास गर्न नयाँ तथ्यांक ऐनको मस्यौदा तयार गर्ने र तथ्यांक प्रणालीसम्बन्धी राष्ट्रिय रणनीति तयार भई कार्यन्वयनमा ल्याउने कार्य भए तापनि यसमा निजी र गैरसरकारी क्षेत्रको सहभागिता आवश्यक देखिन्छ। दिगो विकास लक्ष्य, कार्यान्वयन तथा अनुगमनका लागि प्रधानमन्त्रीको अध्यक्षतामा कार्यान्वयन तथा समन्वय समिति तथा राष्ट्रिय योजना आयोगको सदस्यको संयोजकत्वमा विषयगत कार्य समिति गठन गरिएको छ। दिगो विकास लक्ष्य हासिल गर्न सरकारको एक प्रयासले मात्र सम्भव नहुने हुँदा सरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्र र विकास साझेदारका बीचमा रणनीतिक साझेदारी हुन जरुरी छ।

आर्थिक नीति, आर्थिक वृद्धिदरको लक्ष्य, लगानी अनुमान, सार्वजनिक निजी तथा सहकारी क्षेत्रको लगानी कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदानलगायतका नीति तथा लक्ष्य तय गर्दा दिगो विकास लक्ष्य आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीतिलाई समेत आधार बनाउने र योजना अवधिमा दिगो विकास लक्ष्यहरूको आन्तरिकीकरण तथा स्थानीयकरणमा विशेष जोड दिइने भनिए तापनि यसको पारदर्शितामा भने प्रश्न उठ्ने गरेको छ। दिगो विकासका लागि आवश्यक पर्ने आर्थिक वृद्धि, रोजगारी, उत्थानशील पूर्वाधार, औद्योगिकीकरण, सहर र बस्ती उपभोग तथा उत्पादनको दिगोपनासँग सम्बन्धित लक्ष्य र रणनीतिको कार्यान्वयनको सवालमा असमानता न्यूनीकरण, लैंगिक समानता, सुशासन तथा सामाजिक सुरक्षाजस्ता विषयमा तर्जुमा गरिएका लक्ष्य र रणनीतिको कार्यान्वयन गर्नु आवश्यक छ।

त्यस्तै, स्वाथ्य र शिक्षा क्षेत्रसँग सम्बन्धित कार्यक्रमका साथै प्राकृतिक स्रोत व्यवस्थापन र उद्यमशीलता विकास गर्ने रणनीति आवश्यक पर्ने र काम गर्ने सवालमा सुशासन तथा पारदर्शिता हुनु जरुरी छ। विकासका लक्ष्य प्राप्त गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रलगायत आन्तरिक तथा बाह्य सरोकारवालासँगको साझेदारीलाई महत्व दिनुपर्छ। समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय सोचसहितको विकासका लक्ष्य हासिल गर्न सार्वजनिक क्षेत्रले अग्रणी भूमिका निर्वाह गर्दै दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्दै समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा यस क्षेत्रको अहम् भूमिका रहनु पर्छ। सामाजिक न्याय, प्रादेशिक सन्तुलन, सभ्य र समतामूलक समाज निर्माण गर्न सार्वजनिक क्षेत्रले अग्रणी भूमिका निर्माण गर्ने, आर्थिक उपलब्धिको समन्वपूर्ण वितरण र पुनर्वितरण गर्दा आर्थिक सबलीकरणमा जोड दिने, सुशासन, शान्ति र सुव्यवस्था, सामाजिक सुरक्षा र संरक्षण, मानव अधिकार संरक्षण र उत्पादनशील रोजगारीको प्रत्याभूति गर्दै संघीय शासन प्रणालीको सुदृढीकरण गर्न नेपालको संविधान संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था भएर मात्र पुग्दैन। कृषि, उद्योग, सेवा, निर्माण र सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा जनताको आयस्तर वृद्धि गर्न समावेशी र सन्तुलित विकासको अवधारणाबमोजिमका कार्य निजी तथा सामुदायिक क्षेत्रसँग पनि जोडिएको हुन्छ। सहभागितामूलक विकासको अवधारणा अनुरूप विकास प्रक्रिया अगाडि बढाउन, प्रदेश तहको योजना, नीति तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्ने सवालमा निजी क्षेत्रसँग समन्वय गरी स्थानीय तहले स्थानीय र प्रदेश तहमा लगानीको उपयुक्त वातावरण सिर्जना गरी प्रादेशिक महत्व र प्राथमिकताका कार्यक्रम तथा आयोजना छनोट तथा कार्यान्वयन गर्दै जनताको जीवनस्तरमा सुधार ल्याउनु आवश्यक छ। विकास निर्माण, रोजगारी सुशासन एवं सार्वजनिक सेवा प्रवाहमा गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न प्रदेशले प्रमुख भूमिका निर्वाह गर्दै प्रदेशस्तरीय आर्थिक, सामाजिक विकासका लागि, निजी, सहकारी र गैरसहकारी र सामुदायिक क्षेत्रसँग सहकार्य, समन्वय र साझेदारी गरी प्रदेशस्तरीय स्रोत साधनको दिगो व्यवस्थापन गरी अधिकतम उपयोग गर्न प्रोत्सहित गर्नु पर्छ।

दिगो विकासको योजना तथा नीति अनुरूप नीति, योजना र कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्ने सवालमा आवश्यक स्रोत र साधन परिचालन तथा लगानीको उपयुक्त वातावरण सिर्जना गरी नागरिकको जीवनस्तर सुधारका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने हुन्छ। स्थानीय तहमा सामाजिक जागरण अभियान सञ्चालन, विकास सुशासन अभिवृद्धिका लागि संयुक्त रूपमा कार्यक्रम सञ्चालन गर्न वित्तीय प्रोत्साहन गर्ने नीति तय गर्न गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय गर्नु आवश्यक हुन्छ।

दिगो विकासका सवालमा निजी क्षेत्रले विकास प्रक्रियामा अहम् भूमिका निर्वाह गर्ने गर्छ। नेपालको संविधानले अंगीकार गरेका नीति तथा कानुनी व्यवस्थाले निर्दिष्ट गरेबमोजिम निजी क्षेत्रले आफ्नो भूमिका निर्वाह गर्छ। सरकारको विकाससम्बन्धी सोच, नीति र योजनाबमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न लगानीमैत्री वातावरण अभिवृद्धि गरी देशको आर्थिक सामाजिक विकासमा सहयोग र सहकार्य गर्ने निजी क्षेत्रको भूमिका हुने गर्छ। निजी क्षेत्रले प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरूप जोखिमको न्यायोचित बाँडफाँड गरी विकास निर्माण कार्य सञ्चालन गर्न सकेमा कृषि, उद्योग, निर्माण र सेवा क्षेत्रमा निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न आवश्यक प्रोत्साहनको व्यवस्था गरी दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्छ। नेपालको संविधानले अंगीकार गरेका नीति तथा कानुनी व्यवस्थाले निर्दिष्ट गरेअनुसार निजी तथा सहकारी क्षेत्रले मूल्य र मान्यता र सिद्धान्तको अनुशरण तथा पारस्पारिक तथा स्वावलम्बनको संस्कार विकास गर्दै समग्र दिगो विकास प्रक्रियामा सहयोगी भूमिका निर्वाह गर्ने गर्छ।

सुशासन कायम गर्दै, स्थानीय स्रोत साधन, श्रम, सिप र पुँजीलाई व्यापक रूपमा परिचालन गरी रोजगारी तथा आयवृद्धि र गरिबी निवारण गर्न सहयोग पुग्छ। मानवीय आवश्यकताका वस्तु तथा सेवाको उत्पादन, प्रशोधन र बजारीकरण गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न सहयोग गर्छ। दिगो विकासको सन्दर्भमा गैरसरकारी संस्था, नागरिक समाज र सामुदायिक संस्थाले समग्र दिगो विकास प्रयासमा सहयोगी भूमिका निर्वाह गर्न सक्छन्। यस क्षेत्रले सामाजिक शक्ति परिचालन गरी सरकारको विकास लक्ष्य तथा प्राथमिकता अनुरूपमा क्षेत्रमा कार्यक्रम सञ्चालन गरी गरिबी निवारण, क्षमता अभिवृद्धि, नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तीकरणमा सहयोग पुग्छ। साथै, दुर्गम तथा पछाडि परेका क्षेत्रको विकास, उत्पादन वृद्धि र सेवा प्रवाहमा सहयोग गर्नेछ। दिगो विकासमा निजी तथा गैरसरकारी क्षेत्रले पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्दै सुशासन कायम गर्न सहयोग पुग्छ र वर्तमान १५औं योजनाले तय गरेको सार्वजनिक निजी साझेदारी कार्यक्रम जसले सार्वजनिक निजी साझेदारी माध्यमद्वारा उत्पादनशील र रोजगारमूलक आर्थिक वृद्धि गर्ने सोचलाई पूरा गर्न सहयोग गर्छ।

दिगो विकासको सन्दर्भमा वित्तीय स्रोतको कमी, सार्वजनिक र निजी क्षेत्रका बीचमा आकर्षण हुन नसक्नु, सार्वजनिक निजी साझेदारी सम्बन्धित कानुनी एवं नीतिगत संरचना पर्याप्त नहुनु, नीतिगत स्थायित्व नहुनु, एकद्वार प्रणालीको कमजोर कार्यान्वयन हुनु, प्रक्रियागत ढिलाइ हुने जस्ता समस्यालाई समयमै सम्बोधन गर्न सार्वजनिक र निजी क्षेत्रको पहल आवश्यक छ।

# प्रहरी उपरीक्षक पोखरेलको ८ महिनाको कामको विवरण सार्वजनिक

झापा(प्रस)। जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक विश्वमणि पोखरेलले आफ्नो नेतृत्वमा भएगरेका कामको विवरण सार्वजनिक गरेका छन् ।

गत पौष २८ गतेदेखि झापा प्रहरीको कमाण्ड सम्हालेका पोखरेलले ८ महिनाको अवधिमा भएगरेका कामको विवरण सार्वजनिक गरेका हुन् । जुन यसप्रकार रहेको छ ।

१.अवैध भन्सार छली तस्करी नियन्त्रणतर्फः-९ वटा चारपाङ्ग्रे सवारीसाधन,९ जना मानिस, कस्मेटिक आइटम,किराना सामान,लत्ताकपडा,सवारीसाधनको पार्टसहरु,विद्युतीय पार्टसहरु,सुर्तिजन्य पदार्थ र पशु चौपायालगायत जम्मा रु.३,००,९९,९३३।- बराबरको चिजबस्तुहरु नियन्त्रणमा लिई आबश्यक कार्वाहीको लागि भन्सार बुझाइएको।

२.नदीजन्य पदार्थको अबैध उत्खनन् तथा ओसारपोसार नियन्त्रणतर्फः- बिभिन्न मितिहरुमा ट्रक,टिपर,ब्ल्कद्य र ट्र्याक्टरहरु गरी ६४ वटा सवारीसाधनहरु नियन्त्रणमा लिई रु.१४,३०,०००।- बराबरको जरिवाना असुल भएको।

३.वन तथा वन पैदावारकोअवैध कारोवार नियन्त्रणतर्फः-बिभिन्न मितिहरुमा १५ वटा सवारीसाधन, ९ जना मानिस, ७८४ क्यु.फिट बिभिन्न जातको काठहरु रु.२७,४०,८९६।- बराबरको बरामद गरी जरिवाना समेत असुल गरिएको।

४. CCTV जडानतर्फः- प्रदेश सरकारको सहयोग तथा स्थानीय स्तरबाट समेत गरी झापा जिल्लाका बिभिन्न स्थानहरुमा बिभिन्न मितिमा थप ९४ वटा क्यामेराहरु जडान गरिएको।

५.झापाको बिभिन्न स्थानबाट अवैध रुपमा ओसारपोसार भइरहेको बिभिन्न किसिमका पटका जन्य पदार्थहरु मूल्य रु.१५,२७,८००।-बराबरको नियन्त्रणमा लिई नष्ट गर्ने तयारी गरिएको।

६. बिभिन्न संघ सस्थाहरुसंग समेत समन्वय गरी समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गतको १५७ वटा कार्यक्रमहरु गरिएको,स्थानीय तह निर्वाचन २०७९ शान्तिपुर्ण ढंगबाट सम्पन्न ,स्थानीय तह र बिभिन्न संघ सस्थाहरुसंग समन्वय गरी बाढीपीडित उद्दार तथा राहत वितरण लगायत कार्यक्रमहरु संचालन गरिएको।

अपराध अनुसन्धानतर्फको कार्यहरु :-

बरामद भएको लागूऔषधको परिमाण

डाईजापाम :-४९५ एम्पुल
ब्राउन सुगर :- २ के.जि. ३ ग्राम ९९४ मि.ग्रा.
फेनारगन :- ६१६ एम्पुल
नाईट्रोसन :- १८१ चक्की
नाईट्राभेट :- ७७९ चक्की
ESKUF :- १९ बोतल
Spasmoproxivin :- ३५२ क्याप्सुल
गाँजा :- ३३ के.जि. ३७४ ग्राम
चरेस :- ६ ग्राम २५० मिलिग्राम
Nitrazepam :- ३०० चकी
Winspasmo Forte :-२१० चक्की
Spaspain :- १०८७ चकी
Tramadol :- १०३१ चक्की
Cholorpheniramine - ६ बोतल
Samplex -१६ क्याप्सुल
Magdom - १८चक्की
Altorex - ६ बोतल

केहि विशेष घटनाहरुको सफल अनुसन्धानः-

बिष्फोटक पदार्थसहित (हिमाल सुरक्षा परिषद) ९ जना पक्राउ :-

मिति २०७८/१०/०९ गते बिर्तामोड वडा नं ४ स्थित



पश्चिम बस स्टेण्डमा बम जस्तो देखिने शंकास्पद प्रेसर कुकर र ँहिमाल सुरक्षा परिषद को नामको पर्चाहरु फेला परेको साथै मिति २०७८/१०/१३ गते दमक नगरपालिका वडा नं ५ स्थित सिवान चर्चको गेटमा सोही प्रकृतिको शंकास्पद वस्तु प्रेसर कुकर र हिमाल सुरक्षा परिषदको नामका पर्चाहरु फेला परेको घटना पश्चात अनुसन्धान गर्ने क्रममा उक्त गतिविधिमा संग्लग्न हिमाल सुरक्षा परिषदका ९ जना कार्यकर्ताहरुलाई पक्राउ गरी मुलुकी अपराध संहिता २०७४ को परिच्छेद ७ को विष्फोटक पदार्थ सम्बन्धी कसूरअन्तर्गत मुद्दा दर्ता गरिएकोमा झापा जिल्ला अदालतबाट धरौटी खुल्दा ५ जना धरौटी राखी रिहा, ४ जना धरौटी राख्न नसकी कारागार चलान ।

कर्तब्य गरि बोरामा हाली लाश फाल्ने ४ जना पक्राउ :-

मिति २०७९।०३।१२ गते जिल्ला झापा अर्जुन्धारा न.पा.४ सहासी टोल स्थितमा रहेको पानी पैनिको कल्भर्टभित्र सेतो बोरामा मानिसको लास जस्तो शंकास्पद बस्तु रहेकोमा उक्त बोरा खोली हेर्दा तत्काल पहिचान नखुलेको हेर्दा अ.४०।४५ बर्षको जस्तो देखिने पुरुष मानिसको लाश फेला परेकोमा, अनुसन्धानपश्चात उक्त लाश देश भारत ,19 Jayantilal Ni Chali,Bhargav Road, Kubernagar, Ahmedabad City, Ahmedabad, Gujarat–382340 बस्ने वर्ष अं ४० को Japadiya Naresh Kumar Babu bhai को भनी पहिचान भएपश्चात अनुसन्धानको क्रममा घटनामा संलग्न जिल्ला झापा अर्जुनधारा न.पा.वडा नं.७ डाँडागाउँ बस्ने वर्ष ३२ की जानुका सुवेदी थापा, विनय भन्ने बृखबहादुर थापा र जिल्ला सुनसरी बराह क्षेत्र नगरपालिका वडा नं १० बस्ने वर्ष २५ को सुरेश परियारलाई तत्काल पक्राउ गरिएको घट् नामा फरार जि.मोरङ सुन्दरहरैचा न.पा.वडा नं.६ बस्ने वर्ष अं.२० को शैलेस सापकोटालाई मिति २०७९।०३।२४ गते नियन्त्रणमा लिई कर्तब्य ज्यान मुद्दामा म्याद थप भइ अनुसन्धानपश्चात कारागार चलान भएको ।

आफ्नै श्रीमतीलाई धारिलो हतियार प्रहार गरी मार्ने श्रीमान पक्राउ :-

मिति २०७९।०५।१० गते अं.२२:१० बजको समयमा जिल्ला झापा झापा गा.पा. वडा नं. ६ चन्द्रबस्ती बस्ने वर्ष ४० को नाइके हस्दा (सत्तार) ले मादक पदार्थ सेवन गरी आफ्नै घरमा निजकै श्रीमती वर्ष ३५ की तालामाई हस्दालाई कोखामा धारिलो हतियार प्रहार गर्दा घटनास्थलमा नै मृत्यु भएको । हतियार प्रहार गर्ने निजलाईमिति २०७९।०५।११ गते बिहान ०८:०० बजे जिल्ला झापा कचनकवल गा.पा.वडा नं.१ को नेपाल भारत सिमाना नजिकबाट पक्राउ गरी आवस्यक अनुसन्धानपश्चात कारागार चलानभएको ।

कर्तव्य गरि मार्ने ३ जना पक्राउ :-

जिल्ला झापा अर्जुनधारा न.पा वडा नं ११ स्थित रहेको कान्तिपुर ड्राइभिङ सेन्टर अगाडिको प्लटिङ रहेको खाली जग्गाको उतरतर्फ जाने सडक बाटो किनारामा मिति २०७९।०६।१८ गते विहानको अं ०६:२५ बजेको समयमा मानिस मृत फेला परेको सम्बन्धमा अनुसन्धान गर्दा शंकास्पद व्यक्तिहरुलाई ऐ.२० गते पक्राउ गरी सोधपुछ गर्दा मिति २०७९।०६।१७ गते जिल्ला झापा अर्जुनधारा न.पा.वडा नं ११ स्थित ताप्लेजुङ इलाम होटलको पहिलो तलामा उक्त होटलका संचालक इन्द्र अधिकारी, होटलका स्टाफ अमृत आचार्य, मृतक नविन्द्र गुरुङ र अर्का एक जना मानिसहरु मादक पदार्थ सेवन गरी तास खेल्दै गरेको अबस्थामा पैसा हारजितको बिषयलाई लिएर विवाद उत्पन्न भई झै-झगडा हुँदा, होटल संचालक इन्द्र अधिकारी, होटलका स्टाफ अमृत आचार्य र अर्का फरार एक जना मानिस भई निज नविन्द्र गुरुङलाई मसला पिस्न प्रयोग हुने ढुङ्गाको लोहोरो र चक्कु समेतको प्रयोग गरी टाउकोको पछाडि पट्टिको भागमा पटक पटक र नाकमा समेत प्रहार गरी गम्भीर घाइते बनाई सोही राति घटना ढाकछोप गर्ने मनसायले उक्त होटलवाट निज अचेत अबस्थाका नविन्द्र गुरुङलाई होटल संचालक इन्द्र अधिकारी र होटलका स्टाफ अमृत आचार्यले बोकेर अं १५० मिटर टाढा ऐ अर्जुनधारा न.पा वडा नं ११ स्थित रहेको कान्तिपुर ड्राइभिङ सेन्टर अगाडिको प्लटिङ रहेको खाली जग्गाको उतरतर्फ जाने सडक बाटो किनारामा फालिदिएको खुल्न आएको हुँदा आबश्यक कानूनी प्रक्रिया पुरा गरि अनुसन्धानपश्चात निजहरु कारागार चलान भएको ।

बिभिन्न स्थानहरुबाट चोरी भएको मोटरसाइकलहरु नियन्त्रणमा लिई सवारी धनीलाई बुझाइएकोः-

घटनाः- मोटरसाइकल चोरी
वारदात मितिः- २०७८/११/२३ गते दिउँसो अ.१५:१५ बजेको समयमा
वारदात स्थानः- जिल्ला झापा बिर्तामोडस्थित एभरेष्ट बैंकको शाखा कार्यालयको कम्पाउण्डमा पार्किङ गरी राखेको लु.८३ प. ३५५४ NS200 पल्सर मोटरसाईकल चोरी गरी भाग्दै गरेको अवस्थामा पक्राउ गरी ई.प्र.का. अनारमनिमा ल्याई सोधपुछ गर्दा निज लगायत अन्य ५ जनाले बिभिन्न मिति र स्थानबाट जम्मा ७ वटा मोटरसाईकलहरु चोरि गरेको भनि खुलेको हुँदा पक्राउ गरी चोरी कसुरमा आबश्यक अनुसन्धानपश्चात कारागार चलान भएको ।

घटनाः- मोटरसाइकल चोरी
वारदात मितिः- २०७९।०२।१३ गते
वारदात स्थानः- झापाको बिभिन्न स्थान
संक्षिप्त विवरणः झापाको बिभिन्न स्थानवाट चोरी भएको ३ वटा मोटरसाइकलहरु र उक्त चोरी घटनामा संलग्न जिल्ला पाँचथर मिक्लाजुङ गा.पा.वडा नं.५ बस्ने बर्ष २१ को चन्द्रकुमार योङवा र ऐ.बस्ने बर्ष २० को सुरेन्द्र भन्ने जिवन कुरुवाङलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमक मार्फत चोरी कसुरमा अनुसन्धान गरी कारागार कार्यालय झापा पठाइएको ।

घटनाः- मोटरसाइकल चोरी
वारदात मितिः- २०७९।०२।१८ गते
वारदात स्थानः- झापाको बिभिन्न स्थान
संक्षिप्त विवरणः झापाको बिभिन्न स्थानवाट चोरी भएको १२ वटा मोटरसाइकलहरु र चोरी घटनामा संलग्न जिल्ला सप्तरी टिकुली नगरपालिका वडा नं ५ घर वताउने वर्ष २७ को करण महमद समेत ९ जनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय अनारमनी झापा मार्फत चोरी कसुरमा अनुसन्धान गरी कारागार कार्यालय झापा पठाइएको ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**१ नं. प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री नारायण श्रेष्ठको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री चन्द्र कुमार गुरुङ्गले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-५ | १७९-०८०-१२ | ११० | ६०९.५८ | २०७८/०८/२० | २०७८/०८/२० | २०७९/०२/०७ |


## हरेक...

आउन नसकून् । यताबाट चाहिँ सजिलै नाघेर जान सकून् । सुरुवाती वर्षहरूमा फेन्सिङले राम्रै काम गरेको थियो । हुलमा हात्ती आउने क्रम घट्यो पनि । तापनि रैथाने हात्तीचाहिँ छिर्दै थिए तर, यस वर्षबाट सयौं हात्तीहरू उत्तरी झापा भित्रिएपछि त्यहाँको तारबारले अब काम नगर्नेजस्तो देखिन थालेको छ । मान्छे र हात्ती दुवै बाँच्नेगरी सहअस्तित्वकै उपायहरू नखोजिएको कारण यस्तो भएको हो कि भन्ने प्रश्न पनि उठेको छ । यस्तै पूर्वी दक्षिणी क्षेत्रको हात्ती नियन्त्रणका लागि २०७४ को निर्वाचन अगाडि नै तत्कालिन सरकारले हात्ती समस्या नियन्त्रण गर्न जैविक मार्ग निर्माण तथा विद्युतीय तारबार बनाउने योजनासहित ८ करोड ९० लाख रुपैयाँको कार्ययोजना तयार पारेको थियो । चारआलीदेखि जलथलसम्म हात्ती हिड्ने जैविक मार्ग देउनिया खोलाको आडबाट बन्नेगरी सो मार्गको पूर्वी र पश्चिम क्षेत्रमा सौर्य ऊर्जाको विद्युतीय तारवार निर्माण हुनेछ । ९ किलोमिटर जैविक मार्गको रुपमा रहने चारआली जलथल वन क्षेत्रलाई जोड्ने ७५ किलोमिटर तारबारको घेराबारा रहनेगरी चौतर्फी घेराबाराको तारबार र जैविक मार्ग हात्ती नियन्त्रणको दीर्घकालिन समाधान हुने कार्ययोजनाको लक्ष्य राखेर काम अगाडि बढाइएको थियो । तर जलथल वनमा केही काम भए पनि त्यस उत्तर काम नहुँदा समस्या जस्ताको त्यस्तै छ । योजना ल्याउने तत्कालीन काँग्रेस सांसद कृष्णप्रसाद सिटौलाले सो निर्वाचनमा पराजय भोग्नु परेपछि विजयी सांसद राजेन्द्र लिङ्देनले हात्ती नियन्त्रणको कामको जिम्मेवारी नलिएपछि समस्या समाधान हुन सकेको छैन । बढ्दो समस्याको रूपमा रहेको हात्ती उपद्रो नियन्त्रण यस निर्वाचनमा पनि झापाली नेताले मुद्दा बनाएका छन् ।तर, समस्याको हल चाँहि कहिले हुने हो ? पीडितहरु पीडाले छट्पटाइरहेका छन् ।


प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

**वर्गीकृत विज्ञापन**

**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**



PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

**राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्**
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
**पोखरेल अफसेट प्रेस**
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

**तपाईंकोमा प्रतिदिन आएन ?**
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



**मानव डेन्टल**
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
**स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान**

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट




## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – प्राविधिक कार्य सफल हुनेछ । वित्तीय संस्थाबाट सहयोग पाइनेछ ।

**वृष** – इष्टमित्रसँग भेटघाट गर्ने अवसर जुट्नेछ । कुनै कुराले मनमा उत्साह छाउनेछ ।

**मिथुन** – आज नयाँ योजना, अवसर र नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**कर्कट** – सामाजिक र राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता

**सिंह** – कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । आर्थिक क्षेत्र सामान्य नै रहनेछ ।

**कन्या** – सरकारी निकायबाट सहयोग मिल्नेछ । राजनैतिक कार्यमा बाधा पनि आउनेछ ।

**तुला** – आफन्तको प्रगतिले मन रमाउनेछ । सबै काम यथावत् रूपमा सम्पन्न हुँदै जानेछन्

**वृश्चिक** – आज कुनै समाचारले मनमा शान्ति छाउनेछ । पुनर्मिलनको योग पनि रहेको छ

**धनु** – आज नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइएला ।

**मकर** – आज सानातिना समस्यामा अल्झनुपर्नेछ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**कुम्भ** – दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । आँटेको र ताकेको कार्य पुरा होला ।

**मिन** – वैदेशिक कार्य सम्पादनमा सहजता मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।